**कार्यपालिका बैठक संख्या नं. ५४  स्थानः नगरपालिका भवन  मिति २०८२/०५/२४ गते**

**समयः बिहान- ८ बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. श्रीनगर बसपार्क उदघाटन सम्बन्धमा।
४. जलवायु परिवर्तन अनुकुलन परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।
५. कर संकलन अभियानको समीक्षा सम्बन्धमा।
६. सूचना प्रविधि अधिकृतको भर्ना विज्ञापन सम्बन्धमा।
७. त्रिभुवन जनमाध्यमिक विद्यालय लुहापिङ्गको खेल मैदान निर्माणको प्रस्तावना सिफारिश सम्बन्धमा।
८. शारदा नगरपालिकाको कार्यालय, खलंगा सल्यानलाई विपक्षी बनाई दायर भएको "उत्प्रेषण समेतको (०८२-wo-०१६७)" मुद्दामा अख्तियारीनामा दिने सम्बन्धमा।
९. ल्याब भवन निर्माण सम्बन्धमा।
१०. औषधी खरिदका लागि अधिकतम् मूल्य निर्धारण गर्ने सम्बन्धमा।
११. सीप परीक्षण कार्यक्रममा समावेश तथा सहकार्य गर्ने सम्बन्धमा।
१२. शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।
१३. फोहरमैला व्यवस्थापन मूल्यांकन अनुमोदन सम्बन्धमा।
१४. निजी अस्पतालको अनुमति सम्बन्धमा।
१५. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

तपसिलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधयेक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

१. घर बहाल कर व्यवस्थापन कार्यविधि, २०८२

**निर्णय नं. ३**

शारदा नगरपालिकाद्धारा वडा नं. १ मा अवस्थित पालिका गौरवको आयोजनाको रुपमा रहेको सल्यान जिल्लाको एक मात्र श्रीनगर आधुनिक बसपार्कको औपचारिक समुद्घाटन मिति २०८२ साल भाद्र २६ गते गर्ने भनी मिति तय भएकोमा देशमा हाल विषम् परिस्थितीका कारण उक्त समुद्घाटन कार्यक्रम अर्को सूचना प्रकाशन नहुँदा सम्म स्थगन गर्नका साथै देश शोक डुबिरहेको समयमा नगरपालिका क्षेत्राधिकारभित्र कुनै सभा, सम्मेलन, भोज भतेर लगायत अन्य सांस्कृतिक कार्यक्रमहरु नगर्न नगराउनु हुन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखाको च. न. २४ मिति २०८२/०५/११ गतेको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रस्तावना आव्हान सम्बन्धी सूचना अनुसार जलवायु परिवर्तन स्थानीय अनुकूलन (परियोजना सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ७ (१) अनुसूची ३ बमोजिम मापदण्ड पुरा गरी प्रस्तावना पेश गर्ने र सो परियोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट २६ (छब्बीस) प्रतिशत साझेदारी गर्ने प्रतिवद्धता सहितको निर्णय गरियो।

**निर्णय नं. ५**

सल्यान उद्योग वाणिज्य संघको सहकार्यमा शारदा नगरपालिका वार्ड नं. १ र १२ मा सञ्चालित व्यापार व्यवसायको स्थलगत रुपमा गरिएको दर्ता, नवीकरण र अभिलेखीकरण सहितको कर संकलन अभियान कार्यको अनुमोदन गर्नुका साथै अभियानका क्रममा देखिएका समस्या तथा चुनौतिहरु क्रमिक रुपमा समाधान गरी स्थानीय सरकार प्रति जनताको भरोसा र अपनत्व श्रृजना गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

यस नगरपालिकाका सूचना प्रविधि अधिकृत श्री नविन मल्ल ठकुरीले आफ्नो पदबाट दिएको राजिनामा पश्चात रिक्त हुन गएको सूचना प्रविधि अधिकृत पदको प्रचलित कानूनको अधिनमा रही भर्ना सम्बन्धी विज्ञापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ७**

शारदा नगरपालिका वार्ड नं २ लुहापिङ्गमा रहेको त्रिभुवन जनमाध्यमिक विद्यालयको खेल मैदान निर्माण तथा विस्तारका लागि कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा सिफारिश गरिदिनु हुन भनी विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०५/२३ गतेको निर्णयानुसार अनुरोध भई आएकोले लागत अनुमान सहित तत् मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

कार्यपालिका बैठक २०८२ भाद्र २४ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

सम्मानित श्री सर्वोच्च अदालतमा रिट निवेदक अधिवक्ता दिपक विक्रम मिश्रले यस शारदा नगरपालिकाको कार्यालय खलंगा, सल्यानलाई विपक्षी बनाई दायर भएको "उत्प्रेषण समेतको (०८२-wo-०१७६)" मुद्दामा यस शारदा नगरपालिकाको कार्यालय, नगरकार्यपालिकाको कार्यालयको तर्फबाट उक्त मुद्दामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न, कानूनी राय सल्लाह लिन र कानून व्यवसायी नियुक्ति गरी निजहरुको विल बमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

शारदा नगरपालिका तथा जिल्ला भित्रका सम्पूर्ण खानेपानी आयोजना तथा उपभोक्ता समितिहरुले उपलब्ध वा वितरण गर्ने पानीको गुणस्तर परीक्षण गर्न आवश्यकता महशुस गरी बृहत ल्याब सञ्चालन गर्नको लागि खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रम मार्फत २ तला ल्याब र १ तलामा नियमित रुपमा १ जना ल्याब टेक्नेसियनबाट अफिस सञ्चालन गर्ने गरी ल्याब भवन निर्माणका लागि लागत अनुमान तथा Drawing Design तयार गर्न Municipal Support Team (MST) लाई सिफारिश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस नगरपालिकालाई आ. व. २०८२/८३ मा आवश्यक पर्ने औषधी खरिदका लागि प्रचलित कानून बमोजिम तयार गरी कायम गरिएको अधिकतम् मूल्यलाई स्वीकृत गर्ने र खरिद प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ११**

यस शारदा नगरपालिका भित्रका परम्परागत तथा अनौपचारिक क्षेत्रबाट सीप सिकेका तर प्रमाण पत्र प्राप्त नगरेका यूवा यूवतीहरुलाई पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षण गर्न कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शारदा नगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बीच सम्झौता भई कार्यक्रम अगाडि बढाउन भनी स्थानीय तह प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम समन्वय समितिको मिति २०८२ भाद्र ५ गते बसेको बैठकको निर्णयानुसार यस आर्थिक वर्ष २०८२/८३ मा सो कार्यक्रम सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा, यूवा तथा खेलकुद शाखालाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १२**

शारदा नगरपालिका नगर शिक्षा समितिको मिति २०८२ जेष्ठ ११ गते देखि हालसम्मको बैठक नं ३३, ३४, ३५ र ३६ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

यस नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि मिति २०८२/०३/३० मा प्रकाशन गरिएको प्रस्ताव आव्हान बमोजिम पर्न आएका प्रस्तावहरु मध्य रु. ९,९०,०००/- (अक्षेरुपी नौ लाख नब्बे हजार मात्र) मा प्रस्ताव पेश गर्ने श्री निर्मल क्लिननेश प्रा. लि. दाङ्गको प्रस्ताव स्वीकृत गर्ने र सो संस्थालाई यस आ. व. को शुरु देखि नै हुँदै आइरहेको सरसफाई कार्य समेतलाई समेटने गरी कार्यादेश दिने निर्णय गरियो।

कार्यपालिका बैठक २०८२ भाद्र २४ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १४**

शारदा स्वास्थ्य सेवा ऐन, २०७७ र स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७८ बमोजिम गठित समितिले २०८२ श्रावण १२ र १५ गते यस नगरपालिकाको कार्यक्षेत्र श्रीनगर सल्यानमा सञ्चालित ५ र १५ शैयाका अस्पतालहरुको अनुगमन गरी पेश गरेको प्रतिवेदन उपर छलफल भई अनुगमन समितिले दिएको सुझावका आधारमा आगामी भाद्र मसान्तसम्म अस्पतालको भौतिक, जनशक्ति तथा अन्य मापदण्ड पुरा गर्न पत्राचार गर्ने भनी कार्यपालिकाको मिति २०८२ श्रावण ३० गतेको निर्णय भएकोले सो अनुसार उपरोक्त कानुन बमोजिम मापदण्ड पुरा गरी पेश हुन आएको जीवन सहारा हस्पिटल प्रा. लि. लाई अस्पताल सञ्चानलनको अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. १५**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) छिमेकी राष्ट्र चीनको दातोंग सिटी, शान्सी प्रान्तमा अगस्ट २५ देखि २९ सम्म भएको तेस्रो अर्गानिक जिल्ला विश्व सम्मेलनमा भाग लिई फर्कनु भएको नगर प्रमुख श्री प्रकाश भण्डारीको भ्रमण अनुमोदन गर्ने । जसमा नगर प्रमुखले सल्यानमा उत्पादन हुने बोसे अदुवा, टिमुर र सुन्तला खेतीको बारेमा प्रस्तुती दिएको जानकारी बैठकलाई गराउनु भयो।

(ख) शारदा नगरपालिका वार्ड नं ८ निवासी कुल बहादुर रगालले २०८२ भाद्र १३ गतेको अविरल वर्षाका कारण घर पूर्ण रुपले क्षति भएको भनी प्रहरी मुचुल्का समेत राखी वडा नं ८ को कार्यालयबाट सिफारिश भई आएकोले राहत वितरण मापदण्ड, २०८१ बमोजिम रू. १५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र) राहत उपलब्ध गराउने।

(ग) मिति २०८१ चैत्र २७ गते आएको हावा हुरीले शारदा नगरपालिका वार्ड नं. ८ मार्केमा रहेको त्रिभुवन जनता माध्यमिक विद्यालयको पश्चिम तर्फको २ कोठे भवनको टिनको छाना उडाएकोले विद्यालय तथा वडा कार्यालयको सिफारिश एवं जिल्ला प्रहरी कार्यालय, सल्यानको प्रहरी मुचुल्का समेत प्राप्त भएकोले नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट मर्मत सम्भार गर्ने भनी कार्यपालिकाको मिति २०८२ बैशाख २९ गते बसेको बैठकको निर्णय बमोजिम सो कार्य गर्दा लागेको रकम रु १,८४,७२७।२९ (अक्षेरुपी एक लाख चौरासी हजार सात सय सत्ताइस पैसा उनान्तीस मात्र) विपद् कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधकृतलाई अख्तियारी दिने।

(घ) मिति २०८२ २३ गते देखि/०५/काठमाण्डौ लगायत देशका विभिन्न शहरहरमा जारी जेन जी (Gen-Z) आन्दोलनका क्रममा आफ्नो अमूल्य ज्यान गुमाउनु हुने वीर यूवाहरु प्रति चीर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोक सम्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने। साथै सो आन्दोलनका क्रममा घाइते हुने सबै विरामीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक २०८२ भाद्र २४ गते